# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल


पत्र संख्याः२०८०।०८१

चलानी नं.: ३८५४

मितिः२०८१।०१।३०

---

**विषयः निर्णय प्रतिलिपि पठाइएको सम्बन्धमा।**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

नगरपालिका व्यवस्था शाखा, सिंहदरवार, काठमाण्डौ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक।

श्रीमान् प्रमुखज्यू/श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका।

श्री वडा अध्यक्षज्यूहरू (सबै), बनेपा नगरपालिका।

श्री कार्यपालिका सदस्यज्यूहरू (सबै), बनेपा नगरपालिका।

श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका।

बनेपा नगरपालिका।

श्री ................................ शाखा

बनेपा नगर कार्यपालिकाको कार्यालय।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१ बैशाख २७ गते बसेको कार्यपालिका बैठकको निर्णय प्रतिलिपि यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

**<u>कार्यार्थ</u>**

श्री सूचना प्रविधि अधिकृत

बनेपा नगरपालिका।

- वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा ईमेल गर्नु हुन।

.....................

भोला प्रसाद चापागाई

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या : ४४

आज मिति २०८१ साल वैशाख २७ गते बिहिवार दिनको २:३० बजे देहायका विषयहरुमा छलफल गर्न नगर प्रमुख श्री शान्तिरत्न शाक्यको अध्यक्षतामा निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरु गरेको छ ।

-:: उपस्थिति ::-

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | अनुपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | का.वा. सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रबहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) | श्री भोला प्रसाद चापागाईं | उपस्थित |
| २६ | प्रशासकीय अधिकृत | श्री ध्रुवराज नेपाल | उपस्थित |

१. योजना सम्बन्धमा
   क) कोल्ड स्टोर निर्माण योजनाको अवस्था सम्बन्धमा,
   ख) बाँसडोल सडक सम्बन्धमा
   ग) ६ नं. वडाको खानेपानी योजनाको भुक्तानी माग ( कार्की गाउँ खानेपानी योजना, ०७७।०७८, कार्की गाउँ धारा खोला खानेपानी ०७८।७९ र बुडोल खानेपानी मर्मत ०७९।०८०)
   घ) श्री खण्डमार्ग हेमकुमारको घर अगाडी बाटो मर्मत/ ढलान सम्बन्धमा
२. चालु आ.व. २०८०।०८१ को समानिकरण अनुदान कटौती भएको सम्बन्धमा
३. आगामी आ.व. को बजेट तथा कार्यक्रमका लागि नीति तथा कार्यक्रम र योजना तथा कार्यक्रम छनौट प्रक्रियाका सम्बन्धमा
४. वडा नं. ९ को जग्गा वर्गीकरण परिवर्तन सम्बन्धमा
५. कार्यविधि तथा रणनीति स्वीकृत गर्ने सम्बन्धमा
   क) दलित छात्रवृत्ति कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा
   ख) रोजगार रणनीति स्वीकृत गर्ने
   ग) रोजगार सम्बाद मञ्च गठन कार्यविधि स्वीकृत गर्ने
६. बालबालिकाको पालिका स्तरीय प्रोफाइल तयार संझौताको म्याद थप सम्बन्धमा
७. चालु आ.व. मा हालसम्म भएको आम्दानी खर्च अनुमोदन सम्बन्धमा
८. विविध

-::निर्णय::-

| नि. नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| १. | गत बैठकको निर्णय समीक्षा सम्बन्धमा | बनेपा नगरपालिका, .नगर कार्यपालिकाको गत बैठकमा भएको बैठकको कार्य प्रगतिका सम्बन्धमा समीक्षा गरियो । |
| २. | योजना सम्बन्धमा | |
| (क) | कोल्ड स्टोर निर्माण योजनाको अवस्था सम्बन्धमा | नेपाल सरकारको विशेष अनुदान अन्तर्गत कोल्ड स्टोर निर्माणका लागि विनियोजित रकमबाट कोल्ड स्टोर निर्माणका लागि उपयुक्त जग्गा पहिचान तथा डिपिआर तयारीका क्रममा केही समय व्यतित हुन गएका कारण चालु आ.व. २०८०।०८१ भित्रै उक्त योजना कार्यान्वयनको प्रक्रिया अगाडी बढाउन सकिने अवस्था नरहेकाले आगामी आ.व. २०८१।०८२ का लागि उक्त योजनाका लागि विशेष अनुदान तर्फ आवश्यक रकम विनियोजन हुने गरी चालु आ.व. मा विनियोजित रकम त्यस्तै अन्य कुनै कार्यक्रममा खर्च गर्न नेपाल सरकार, कृषि मन्त्रालय र राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने निर्णय गरियो । |
| (ख) | भैंसेपाटी बाँसडोल सडक सम्बन्धमा | बनेपा नगरपालिका वडा नं. १२ मा पर्ने भैंसेपाटी बाँसडोल सडक योजनाको साविकको निर्माण व्यवसायीसँग भएको संझौता अन्त्य गर्ने निर्णय भएकाले उक्त योजनाको बाँकी कार्य सम्पन्न गर्न प्राविधिक बाट भएको लागत अनुमान बमोजिमको रकम आगामी आ.व. २०८१।०८२ को बजेट तथा कार्यक्रममा सुनिश्चित हुने गरी ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । |
| (ग) | श्री खण्डमार्ग हेमकुमारको घर अगाडी बाटो मर्मत/ ढलान सम्बन्धमा | बनेपा नगरपालिका वडा नं. ६ मा पर्ने श्रीखण्ड मार्गमा हेमकुमारको घर अगाडी बाटो मर्मत/ढलानका लागि सम्बन्धित वडाबाट माग निवेदन भई आएका सम्बन्धमा छलफल हुँदा उक्त कार्यका लागि प्राविधिक बाट भएको लागत स्टिमेट बमोजिमको रकम विपद् व्यवस्थापन शीर्षकबाट व्यहोर्ने गरी उक्त बाटो मर्मत गर्ने निर्णय गरियो । |
| २. | समानिकरण लगायतका अनुदान कटौती सम्बन्धमा | चालु आ.व. २०८०।०८१ का लागि स्वीकृत यस नगरपालिकाको बजेट तथा कार्यक्रम अन्तर्गत संघीय सरकारबाट प्राप्त हुने समानिकरण अनुदान लगायतका अनुदानहरु कटौती भई निकासा हुने सम्बन्धी पत्रको व्यहोरा प्रस्तुत भई जानकारी गरियो । |

| नि. नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| ३. | आगामी आ.व. २०८१।०८२ को बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा | बनेपा नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि समयमै विषयगत समितिहरुको बैठक बस्ने तथा योजनाहरु छनौटका चरणहरु पुरा गरी बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । |
| ४. | जग्गाको किसिम परिवर्तन सम्बन्धमा | बनेपा नगरपालिका वडा नं. ९ को मिति २०८१।१।६ च.नं. १५२० को पत्रबाट उक्त वडा अन्तर्गत हिरादेवी भैलका नामको ४४७४ क्षे.फ. ६५२ मि. भएको जग्गाको पूर्जामा किसिम कृषि भनि उल्लेख भएकाले उक्त जग्गा आवासीय भनि किसिम परिवर्तनका लागि सम्बन्धित निकायमा सिफारिस गरिदिन भनि लेखी आएका सम्बन्धमा छलफल हुँदा सो सम्बन्धमा भू उपयोग ऐन नियम बमोजिम सम्बन्धित वडा स्तरीय समितिको निर्णयानुसार सिफारिसका लागि लेखी पठाउन सम्बन्धित वडा कार्यालयमा पठाउने निर्णय गरियो । |
| ५. | कार्यविधि तथा रणनीति तर्जुमा सम्बन्धमा | सम्बन्धित शाखाबाट तयार भई पेश भएका तपसिल बमोजिमका विधेयकहरु अध्ययन गरी पेश गर्न विधायन समितिमा पठाउने निर्णय गरियो ।<br>(क) दलित छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८१<br>(ख) रोजगार रणनीति २०८१<br>(ग) रोजगार सम्बाद मञ्च गठन कार्यविधि, २०८१<br>(घ) सीप विकास तालिम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१<br>(ङ) गैरसरकारी संस्था दर्ता कार्यविधि, २०८१ |
| ६. | संझौताको म्याद थप सम्बन्धमा | यस नगरपालिकाका बालबालिकाहरुको नगर प्रोफाइल तयार गर्न संझौता गरी काम गरिरहेको सरोकार रिसर्च एण्ड डेभलपमेन्ट प्रा.लि. ले सुम्पिएको जिम्मेवारी अनुरुपको प्रोफाइल तयार भएको तर डाटा भेरिफिकेसनको कार्यका लागि समय लागेको हुँदा म्याद थप गरिदिन भनि मिति २०८१।१।१३ द.नं. ७२०० मा दर्ता गराएको पत्र उपर छलफल हुँदा उक्त प्रा.लि. सँग भएको संझौताको म्याद समाप्त भएका मितिले २०८१ साल जेष्ठ मसान्तसम्म थप गरी भुक्तानी दिने निर्णय गरियो । |
| ७. | विविध | |
| (क) | तुल्टीफाँट जग्गा फिर्ता सम्बन्धमा | यस नगरपालिका अन्तर्गत सञ्चालन भएको तुल्टिफाँट जग्गा विकास आयोजना अन्तर्गत जग्गा पर्ने श्री वीरेन्द्र मानन्धरले निजका नामको कि.नं. १२९ क्षे.फ. ०-२-२-० र १३१ क्षे.फ. ०-७-०-०.५० भएको जग्गाको परियोजनाको नियमानुसार कटाई बाँकी हुने जग्गा फिर्ता पाउन भनि दिएको निवेदन उपर छलफल गर्दा यस कार्यालयका सर्भेक्षकबाट भएको सिफारिस बमोजिम आयोजनाबाट जग्गा एकीकरण भई कायम भएको सिट नं. १५७१३६४-०७ को कि.नं. ३१ को पूर्व तर्फबाट जम्मा क्षे.फ. ०-५-३-० जग्गा निजको नाममा ज.ध.प्र.पु. बनाउने गरी फिर्ता गर्न मालपोत कार्यालय, काभ्रेपलाञ्चोकमा लेखी पठाउने निर्णय गरियो । |
| (ख) | विद्यालय समायोजन सम्बन्धमा | बनेपा नगरपालिका वडा नं. ५ को पत्रसाथ प्राप्त उक्त वडाको वडा शिक्षा समितिको मिति २०८१।१।२७ को निर्णयबाट सिफारिस भई आए बमोजिम बनेपा नगरपालिका वडा नं. ५ स्थित श्री आजाद माध्यामिक विद्यालयमा श्री गंगादेवी आधारभूत विद्यालय समायोजन गर्ने र त्यसरी समायोजन भएको विद्यालयको चल अचल सम्पत्ति, दायित्व, विद्यालयमा अध्ययनरत विद्यार्थी तथा उक्त विद्यालयमा रहनु भएका प्रारम्भिक बालविकास शिक्षक, अन्य तहमा रहनु भएका शिक्षक तथा कर्मचारी समेत हाल कायम भएको विद्यालयमा समायोजन हुने निर्णय गरियो । |
| (ग) | मिनी टिलर थप खरिद सम्बन्धमा | यस नगरपालिकाको चालु आ.व. २०८०।०८१ मा कृषि शाखा तर्फ कृषकको लागत सहभागितामा मिनिटिलर वितरण शीर्षकमा विनियोजित रकमबाट मिनिटिलर खरिद प्रक्रिया अगाडी बढाउँदा भएको घटाघटका कारण सो शीर्षकमा रु. ३,६०,०००। रहन गई उक्त रकममा कृषकको लागत सहभागिता पचास प्रतिशत समेत जोड्दा जम्मा रु. ७,२०,०००। हुने हुँदा अघिल्लो खरिद प्रक्रियाको |

(ख) सम्बन्धी तालिका:

| क्र.सं. | समायोजन हुने विद्यालयको नाम | | समायोजन पश्चात कायम हुने विद्यालयको नाम |
|---|---|---|---|
| १ | श्री गंगादेवी आ.वि., बनेपा ५ | श्री आजाद मा.वि., बनेपा ५ | श्री आजाद मा.वि., बनेपा ५ |

| नि. नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| | | स्फेशिफिकेशनलाई आधार मानी उल्लेखित बमोजिमको रकमबाट थप मिनिटिलर खरिदको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । |
| (घ) | कानून व्यवसायीको सेवा प्राप्त गर्ने सम्बन्धमा | यस नगरपालिकाका तर्फबाट सम्मानित अदालतमा मुद्दा दायर गर्ने तथा नगरपालिकालाई विपक्षी बनाई दायर भएका मुद्दाहरुको प्रतिरक्षाका लागि कानून व्यवसायीको छुट्टै सेवा प्राप्त गर्न अत्यावश्यक देखिएकाले फिराद वा प्रतिउत्तर लेखन तथा बहस गर्नु पर्दाका अवस्थाको कामको आधारमा बील अनुसार पारिश्रमिक कार्यालयका तर्फबाट भुक्तान गर्ने गरी अधिवक्ता श्री रमेश हुमागाईबाट कानूनी परामर्श सेवा प्राप्त गर्ने निर्णय गरियो । |
| (ङ) | सुविधा थप गर्ने सम्बन्धमा | यस कार्यालयमा कार्यरत का.स. श्री ईश्वर रंजितले कार्यालयमा रहेको जेटिङ्ग मेसिनलाई आगलागीको समयमा मिनी दमकलको रुपमा प्रयोग गरी आएको र त्यसरी खटे बापत चालक र सहयोगी एक जनालाई प्रति पटक रु. १,०००। दिने भनि नगर कार्यपालिकाको मिति २०८०।५।६ मा निर्णय भएकोमा उक्त कार्यको गम्भिरता हेरी मिति २०८१ साल वैशाख १ गते बाट लागु हुने गरी आगलागी नियन्त्रणमा खटिने चालक र सहयोगी दुई जना समेतलाई जनही प्रति पटक रु. २,०००। का दरले भत्ता उपलब्ध गराउने निर्णय गरियो । |
| (च) | आर्थिक सहयोग सम्बन्धमा | यस कार्यालयका नगर प्रहरी श्री शेषकाजी रंजित लडेर खुट्टा भाँचिएर उपचार गराउन परेकाले उपचारका लागि आर्थिक सहयोग पाउन भनि माग निवेदन गरेको हुँदा निजलाई रु. २०,०००। आर्थिक सहयोग गर्ने निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

उपप्रमुख

प्रमुख